# राजापुर राजपत्र

## राजापुर नगरपालिकाद्धारा प्रकाशित

खण्ड - ६, श्रावण १ गते २०८० साल - संख्या ३

# भाग १

**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम राजापुर नगरपालिकाको ११ औं नगरसभा बाट मिति २०८०।०३।१८ गते पारित भई नगर प्रमुखबाट मिति २०८० असार २१ गते प्रमाणिकरण गरी सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

**राजापुर नगरपालिकाको आर्थिक बर्ष २०८०/२०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन ।**

**कार्यपालिका बैठकबाट पारित : २०८०।०३।०९**

**नगरसभा बैठकबाट पारित : २०८०।०३।१८**

**प्रमाणीकरण मिति : २०८०।०३।२१**

प्रस्तावनाः राजापुर नगरपालिकाको आर्थिक बर्ष २०८०/२०८१ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम राजापुर नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१.संक्षिप्तनामर प्रारम्भः (१)यस ऐनको नाम " राजापुर नगरपालिकाको विनियोजन ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ ।

२.आर्थिक वर्ष २०८०/२०८१ को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकारः

(१)आर्थिकवर्ष २०८०/२०८१ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगतशाखालेगर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगतखर्च र बित्तियव्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. १,१६,८४,७०,०००।०० (अक्षेरुपी एक अर्ब सोह्र करोड चौरासी लाख सत्तरी हजार) मात्र मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः (१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकमआर्थिक वर्ष २०८०/२०८१ को निमित्त राजापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानीखर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय

व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१

(दफा२ संग सम्बन्धित) नेपालको संविधानको धारा २२९ (२) बमोजिम संञ्चित कोष बाट विनियोजन हुने रकम

| शिर्षक | रकम |
|---|---|
| **चालु** | **७८,४२,७०,०००.००** |
| **पुजिगत** | **३८,४२,०००००.००** |
| **जम्मा** | **१,१६,८४,७०,०००.००** |

**आज्ञाले**

**महेन्द्रजङ्ग शाही**

**प्रमुख प्रशासकिय अधिकृत**